# काठमाडौँ महानगरपालिका नगर सभाको १८ औँ अधिवेशनमा उपप्रमुख सुनिता डंगोलले प्रस्तुत गरेको कार्यक्रम तथा बजेटको संशोधन प्रस्ताव

१८ औं नगरसभाका अध्यक्ष एवं काठमाडौँ महानगरपालिकाको प्रमुख श्री बालेन्द्र शाहज्यू, नगरसभाका सदस्यज्यूहरु, सभाका सचिवज्यू, उपस्थित कर्मचारी तथा सांकेतिक भाषको माध्यमवाट र अन्य माध्यमवाट यस कार्यक्रमलाई सम्प्रेषण गर्नुहुने संचारकर्मी मित्रहरु, स्वदेश तथा विदेशवाट यस कार्यक्रमको प्रत्यक्ष प्रशारणमा जोडिनु हुने सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत तथा अभिवादन गर्दछु ।

**सभाध्यक्षज्यू तथा नगर सभा सदस्यज्यूहरु,**

आजको अधिवेशन हामी निर्वाचित भए पछिको आठौ नगर अधिवेशन हो । आठौ अधिवेशनसम्म आउँदा सहकार्य, समन्वय र सहअस्तित्वलाई विशेष जोड दिएकै कारण हामी यहाँसम्म आउन सफल भएका छौं ।  यसलाई निरन्तरता दिन म सवै नगरसभा सदस्यज्यूहरु समक्ष अनुरोध समेत गर्दछु ।

हामी सवै निर्वाचित जनप्रतिनिधिहरु काठमाडौं महानगरपालिका क्षेत्रभित्रका ऐतिहासिक, पुरातात्विक मठ मन्दिर, भाषा,धर्म संस्कृति, भेषभुषा, सम्पदास्थल, लगाएतको जर्गेना गर्दै यसक्षेत्रभित्रको पूर्वाधार निर्माण, सडक, पुल मर्मतसम्भार, फोहरमैला व्यवस्थापन,प्रदुषण न्यूनिकरण, स्वास्थ्य, शिक्षा जस्ता आधारभूत विकासको आवश्यकताका वारेमा कुनै न कुनै प्रकारले सोच्ने र त्यसलाई कार्यान्वयन गर्ने तर्फ हामीले प्रथामिकतामा राखेकै छौं ।

जनताको सेवा गर्नु नै हाम्रो परम कर्तव्य हो । विगतका सात वटै वजेट अधिवेशनमा हामीले जनतालाई केन्द्र विन्दुमा राखेर हाम्रा नीति तथा कार्यक्रमहरु प्रस्तुत गरेका थियौं । त्यसमा कुनै चालू आर्थिक वर्षमै सम्पन्न ग-यौं त कुनै वहुवर्षिय योजनाका रुपमा कार्यान्वयन गर्दै अगाडी वढी रहेका छौं । हामीले वनाएका कतिपय नीति तथा कार्यक्रमहरुले नतिजा दिन थालेका छन भने कतिपय नीति तथा कार्याक्रमहरुले केही समय पछि नतिजा दिने नै छन । धूलो रहित सडक, न्यायमा पहुच,न्यायिक चौतारी, उज्यालो काठमाडौ, महानगरले देख्छ, एक वडा एक उद्यम कार्यक्रम, वुक फि फाइडे, नियमित अनुगमन, सुशासनका लागि अनलाइन सेवा प्रणाली, गरिखाने शिक्षा, महानगरको इच्छा, सुलभ फार्मेसी, संस्कृतिक सम्पदाहरुको संरक्षण जस्ता केही योजनाहरुले महानगरवासीहरुलाई दीर्धकालिनसम्म नतिजा दिइ रहने छन ।

हामी काठमाडौँको विकास गर्न आएका निर्वाचित जनप्रतिनिधिहरु हौं, हामी काठमाडौंको मुहार परिवर्तन गर्न अन्य निकाय र सरोकारवाला निकायहरु वीच परस्पर सहकार्य र समन्वयमा कामहरु अगाडि वढाउन चाहन्छौं । यसका लागि हामीले संघ र प्रदेश सरकारसँग सधै सहकार्यको अपेक्षा राखेका छौं ।

**सभाध्यक्षज्यू तथा नगर सभा सदस्यज्यूहरु,**

काठमाडौं महानगरपालिकाको १७ औं अधिवेसनमा हामीले सर्वसम्मत रुपमा चालू आर्थिक वर्ष २०८२/ ०८३ को नीति तथा कार्यक्रमहरु नगर सभावाट पास गरेका थियौं । आजको यस गरिमामय सभामा म चालू आर्थिक वर्षको बजेटको सारसंक्षेपमा राख्न चाहान्छु ।

१७ औं अधिवेसनमा आर्थिक वर्ष २०८२।०८३ को लागि हामीले रु २५ अर्ब ११ करोड ४३ लाख ४१ हजार रुपैयाँ संचितकोषमा व्ययभार पर्ने र ६५ करोड रुपैयाँ अन्य वाह्य व्ययभार हुने गरी कुल रु २५ अर्ब ७६ करोड ४३ लाख ४१ हजार रुपैयाँको वजेट स्वीकृत गरी कार्यान्वयन अवस्थामा छौं ।

त्यसैगरी चालू आर्थिक वर्षको लागि सन्चित कोषमा २५ अर्ब ११ करोड ४३ लाख ४१ हजार रुपैयाँ जम्मा हुने जसमध्ये आन्तरिक आय र वैक मौज्दात गरी कुल २० अर्ब १२ करोड ६४ लाख रुपौयाँको र वाँकी नेपाल सरकार तथा प्रदेश सरकारवाट शसर्त, समानिकरण, राजश्व वााडफाँडवाट प्राप्त हुने अनुमान गरिएको थियो ।

**सभाध्यक्षज्यू तथा नगर सभा सदस्यज्यूहरु,**

अव म चालू आर्थिक वर्षको हाल (पौष ०९ गते) सम्म को समग्र आय तथा व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु ।

चालू आर्थिक वर्षको पुस ९ गतेसम्म कुल ४ अर्ब ६४ करोड ३४ लाख ७१ हजार रुपैया खर्च भएको छ । जुन कूल विनियोजनको १८.४८ प्रतिशत हो । समग्रलाई खर्च प्रतिशतमा हेर्ने हो भने चालू खर्च २८.४४ प्रतिशत र पूजिगत खर्च १२.३९ प्रतिशत भएको छ । हालसम्म पूर्वाधार विकासमा १४.०१ प्रतिशत, आर्थिक विकासमा १५.१५ प्रतिशत, सामाजिक विकासमा १६.२२ प्रतिशत खर्च भएको छ । त्यसै गरी सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र तर्फ १२.०६ प्रतिशत खर्च भएको देखिएको छ । कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा भने सवै भन्दा वढी ४५.९९ प्रतिशत खर्च भएको देखिन्छ ।

विभाग अनुसार विनियोजित वजेटमा खर्चको विश्लेषण गर्दा प्रशासन विभागले कुल विनियोजित वजेटको ४६.५९ प्रतिशत खर्च गरेको छ । जस्मा चालू तर्फ ४८.१८ प्रतिशत र पूँजिगत तर्फ १०.२३ प्रतिशत विनियोजित वजेटमा खर्च गरेको छ । त्यसै गरी आन्तरिक लेखा परिक्षण एकाईको खर्च प्रतिशत ३८.७२ प्रतिशत भएको छ भने हनुमानढोका दरवार क्षेत्र संरक्षण कार्यक्रमको २७.७३ प्रतिशत रकम खर्च भएको छ । त्यसै गरी अन्तराष्ट्रिय सम्वन्ध सचिवालयको २४.७९ रहेको देखिन्छ ।

काठमाडौं महानगरपालिकाको वडा कार्यालयहरुमा निकासा हुने रकमका आधारमा खर्चलाई विश्लेषण गर्दा पौष ९ गतेसम्ममा कुल निकासा भएको रकम मध्ये काठमाडौं महानगरपालिका वडा नं. ७ ले सवै भन्दा वढी खर्च गरेको देखिन्छ । सो वडाले चालू खर्च शिर्षकमा २४.९२ प्रतिशत र पूँजिगत खर्चमा ३२.३३ प्रतिशत खर्च गरी समग्र कुल ३१.५३ प्रतिशत खर्च गरेको छ ।

त्यसैगरी काठमाडौ महानगरपालिका वडा नं. १६ ले कुल समग्र खर्च २६.१४ प्रतिशत खर्च गरेको छ भने वडा नं. २३ ले २३.३१ प्रतिशत खर्च गरेको देखिएको छ । त्यसैगरी वडा नं. १४ र वडा नं. १९ ले क्रमश २१.९२ प्रतिशत र १९.६५ प्रतिशत खर्च गरेको देखिएको छ ।

राजश्व आम्दानीतर्फ कुल १५ अर्ब ११ करोड ४३ लाख ४१ हजार रुपैयाको लक्ष्य निर्धारण गरिएको थियो । त्यसमध्ये आन्तरिक आयको लक्ष्य १० अर्ब १२ करोड ६४ लाख रुपैया रहेको छ । भने नेपाल सरकार तथा प्रदेश सरकारवाट शसर्त, समानिकरण, राजश्व वाँडफाँडवाट प्राप्त हुने लक्ष्य ४ अर्ब ४ करोड ३४ लाख रुपैया अनुमान गरिएको थियो ।
चालू आर्थिक वर्षको पुस ९ गतेसम्म कुल ४ अर्ब २१ करोड १३ लाख ६७ हजार रुपैया संकलन भएको छ । जस्मा आन्तरिक आय तर्फ कुल २ अर्ब ६७ करोड ७३ लाख ८८ हजार रुपैंया राजश्व संकलन भएको छ भने राजश्व वाँडफाँडवाट ७७ करोड ९९ लाख ८० हजार रुपैया र संघ तथा प्रदेश सरकारवाट प्राप्त सशर्त अनुदान ७५ करोड ३९ लाख ९८ हजार रुपैया रहेको छ । समग्र आम्दानीलाई प्रतिशतमा हेर्ने हो भने कुल आम्दानीको लक्ष्य अनुसार प्रगति २७.८६ प्रतिशत हुन आउँछ । आन्तरिकतर्फ कुल लक्ष्यको २६.४४ प्रतिशत प्रगति भएको देखिन्छ ।
देशको विसंम परिस्थितिका वावजुत कर सकंलनमा देखिएको प्रगति सकारात्मक लिनै पर्छ । करको दायरामा नआएका करदाताहरुलाई करको दायरामा ल्याउन यही पौष मसान्तसम्म कर बुझाउने करदातालाई १० प्रतिशत छुटको व्यवस्थालाई समयमै कर तिरी यो प्रावधानको वढी भन्दा वढी उपयोग गर्न म यही सभा मार्फत आम करदाताहरुलाई अनुरोध गर्न चाहान्छु ।

देशको विसंम परिस्थिति बावजुत पनि कर संकलन प्रकृयामा सकृयरुपमा सहभागी हुनु भएकोमा म यसै गरिमामय सभा मार्फत सवै करदाताहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै काठमाडौं महानगरपालिकाका सवै जनप्रतिनिधिज्यूहरु, कर संकलन टोली, सम्वन्धित विभाग, राजश्व परामर्श समितिका पदाधिकारी तथा सम्पूर्ण कर्मचारीहरुलाई समेत धन्यवाद दिन चाहान्छु ।

**सभाध्यक्षज्यू तथा नगर सभा सदस्यज्यूहरु,**
काठमाडौं महानगरपालिकाको वार्षिक खरिद योजना, चौमासिक प्रगति विवरण अनुसार आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत नीति तथा कार्यक्रम अनुसार लक्ष्य हासिल गर्न केही कार्यक्रमहरु हेरफेर गर्न जरुरी देखिएको छ । विनियोजित वजेटहरुमा कुनै योजना संचालन गर्न नसकिने, कतिपय आर्थिक कार्यविधि अनुसार समय लाग्ने, कतिपय वहुवर्षिय योजना अन्तर्गत संचालन गर्नुपर्ने भएकाले विनियोजित रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिएका र केही अत्यावश्यक योजना तथा कार्यक्रमहरुका लागि बजेट विनियोजन गर्नुपर्ने देखिएकोले यो संशोधन प्रस्ताव पेश गर्नुपरेको हो ।
संशोधन वजेट प्रस्ताव गर्दा विषय विज्ञ, काठमाडौं महानगरपालिकाका विषयगत समिति एवं अन्य विभिन्न समितिहरुमा सुक्ष्म छलफल तथा विश्लेषण गरी वजेट तथा कार्यक्रम तर्जुमा समिति र कार्यपालिका वैठकवाट सर्वसम्मत रुपमा पास गरी यस सम्मानीत सभामा पेश गरिएको छु ।

चालु आर्थिक वर्षको कार्यक्रम बजेटमा संशोधन प्रस्ताव तयार गर्दा स्वीकृत कूल बजेट रकम, चालू खर्च रकम  तथा पूँजिगत खर्च रकममा कुनै थपघट नगरी क्रियाकलापहरुमा मात्र संशोधनको प्रस्ताव पेश गरेको छु।
संशोधित प्रस्ताव अनुसार अव आर्थिक विकासको क्षेत्रमा ६७ करोड ६३ लाख ४ हजार रुपैया वजेट कायम गर्न प्रस्ताव गरेको छु। सो क्षेत्रमा यस अधि ६८ करोड ७४ लाख ५४ हजार रुपैया वजेट विनियोजन भएको थियो। त्यसैगरी कार्यालय संचालन तथा प्रशासनीक क्षेत्रमा ३ अरब १२ करोड ३७ लाख १४ हजार रुपैया प्रस्ताव गरिएको छ। यस अधि सो क्षेत्रमा ३ अरब १२ करोड ४२ लाख १४ हजार रुपैया वजेट विनियोजन भएको थियो। पूर्वाधार विकासको क्षेत्रमा १२ अरब ९ करोड ४५ लाख ६० हजार रुपैया प्रस्ताव गरिएको छ। यसअधि सो क्षेत्रमा १२ अरब १० करोड ८१ लाख ६० हजार रुपैयाँ विनियोजन भएको थियो। सामाजिक विकासका क्षेत्रमा ५ अरव ८० करोड ४१ हजार रुपैया प्रस्ताव गरिएको छ। यसअघि उक्त क्षेत्रमा ५ अरब ८२ करोड ३३ लाख ४१ हजार रुपैयाँ विनियोजन भएको थियो। त्यसैगरी सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा ३ अरब ४१ करोड ९७ लाख २२ हजार रुपैयाँ प्रस्ताव गरेको छु। उक्त क्षेत्रमा यस अधि ३ अरब ३७ करोड ११ लाख ७२ हजार रुपैया विनियोजन भएको थियो।  चालु आ.व. को स्वीकृत कार्यक्रम तथा बजेटमा प्रस्ताव गरिएको संशोधनको विस्तृत विवरण सभाका सदस्यज्यूहरुलाई उपलब्ध गराइएको छ।

सभाध्यक्षज्यू र नगरसभाका सदस्यज्यूहरु,
अन्त्यमा, नगर सभाको १७ औं अधिवेशनबाट स्वीकृत भएको काठमाडौं महानगरपालिकाको चालू आर्थिक वर्ष २०८२/८३ को  कार्यक्रम बजेटमा प्रस्तावित संशोधन सम्बन्धमा नगर सभाको १८ औं अधिवेशनबाट वृहत्तर रुपमा छलफल गरी बाँकी कार्य अवधिमा कार्यान्वयन हुने गरी संशोधन प्रस्ताव स्वीकृत हुनेछ र यसले काठमाडौं महानगरपालिकाको घोषित नीति, कार्यक्रम र बजेटको कार्यान्वयनमा प्रभावकारिता बृद्धि हुने अपेक्षा गरेको छु।
धन्यवाद।

**सुनिता डंगोल**
उपप्रमुख
काठमाडौं महानगरपालिका

मिति २०८२ पौष ११ गते
नेपाल सम्वत ११४६ पोहेलाथ्व खस्थि